वीरेन्द्रनगर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ८ संख्या : २ मिति: २०८२/०४/१२

## भाग : १

## शिक्षा ऐन, २०७४ (तेश्रो संशोधन २०८२)

| क्र. सं. | दफा/ उपदफा | पहिले रहेको | संशोधन गर्नुपर्ने विषयहरु | संशोधन गर्नुको औचित्य | कैफियत |
|---|---|---|---|---|---|
| १ | दफा ७ | विद्यालय वर्गीकरण<br>(क) क वर्गको विद्यालय,<br>(ख) ख वर्गको विद्यालय,<br>(ग) ग वर्गको विद्यालय,<br>(घ) घ वर्गको विद्यालय ।<br>सामुदायिक तथा संस्थागत विद्यालयहरुले शैक्षिक सत्र सुरु हुनुभन्दा दुई महिना अगाडि नै तोकिएको ढाँचामा विवरण भरी विद्यालय वर्गीकरणका लागि निवेदन दिन सकिनेछ र विद्यालय निरीक्षकको संयोजकत्वमा वडा शिक्षा | विद्यालय वर्गीकरण<br>(१) सामुदायिक तथा संस्थागत विद्यालयहरुले तोकिएको ढाँचामा विवरण भरी विद्यालय वर्गीकरणका लागि निवेदन दिन सक्नेछन् र शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख वा प्रमुखले तोकेको शिक्षा | संस्थागत विद्यालयको स्तरीकरण र वर्गीकरण गरी शुल्क निर्धारण गर्न आवश्यक भएको । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | समितिले तोकेको एक जना सदस्य र एक जना विज्ञको प्रतिनिधित्व हुने गरी गठित तीन सदस्यीय वर्गीकरण समितिले तोकिएको आधारमा वर्गीकरणको सिफारिस गर्नेछ। | अधिकृतको संयोजकत्वमा शिक्षाप्रेमी मध्येबाट सम्बन्धित वडा अध्यक्ष वा अध्यक्षले तोकेको एक जना सदस्य, प्याब्सन र एन प्याब्सनका नगर अध्यक्ष र नगर प्रमुखले तोकेको एक जना शिक्षासम्बन्धी विज्ञको प्रतिनिधित्व हुने गरी गठित पाँच सदस्यीय वर्गीकरण समितिले साविकको शिक्षा विभाग सानोठिमी, भक्तपुरले विकास गरेको विद्यालय स्तरीकरणको लागि आवश्यक पर्ने सूचकहरुको आधारमा क, ख, ग र घ वर्गमा विद्यालय वर्गीकरणको सिफारिस गर्नेछ। (२) उपदफा (१) बमोजिम सिफारिस भएका संस्थागत विद्यालयको वर्गीकरण र शुल्क निर्धारण गरी अन्तिम निर्णयका लागि नगर | | |



| | | | | | |
|---|---|---|---|---|---|
| | | | शिक्षा समितिमा सिफारिस गर्नका लागि तपसिल बमोजिमको समिति गठन गरिनेछः (क) प्रमुख प्रशासकीय अधिकृतः संयोजक (ख) नगर शिक्षा समितिका सदस्यमध्येबाट समितिले मनोनित गरेको दुईजनाः सदस्य (ग) आर्थिक प्रशासन शाखा प्रमुखः सदस्य (घ) संस्थागत विद्यालयसम्बद्ध प्याब्शन र एन प्याब्शनका नगर अध्यक्षः सदस्य (ङ) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखः सदस्य सचिव (३) उपदफा (२) बमोजिम सिफारिस गरिएको विद्यालय वर्गीकरण र शुल्क निर्धारणलाई नगर शिक्षा समितिले अन्तिम निर्णय गर्नेछ। | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | (४) उपदफा (३) बमोजिम निर्णय भएको विद्यालय वर्गीकरण र शुल्क निर्धारण प्रत्येक ३ बर्षमा अद्यावधिक गरिनेछ। | | |
| २ | दफा ८ | विद्यालय सञ्चालन गर्न अनुमति लिनुपर्ने | दफा ८ को उपदफा (२) झिकिएको छ। उपदफा (१०) पछि देहाय बमोजिम थप गरिएकोः (११) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर जाँचबुझ गर्न सामाजिक विकास समितिको संयोजकत्वमा नगर प्रमुखले तोकेको कम्तिमा एक महिलासहित दुई जना नगर शिक्षा समितिका सदस्य र शाखाको अधिकृत प्रतिनिधि रहेको विद्यालयको स्थलगत अनुगमन समिति रहनेछ ।उक्त समितिले विद्यालयलाई अनुमति दिनका लागि आवश्यक | विद्यालय सञ्चालन गर्न अनुमति दिने प्रक्रियालाई थप सहज बनाउन आवश्यक भएको। | |



| | | | | | |
|---|---|---|---|---|---|
| | | | न्यूनतम पूर्वाधार पूरा भए नभएको औचित्यसहित शिक्षा समितिलाई सुझावसहित सिफारिस गर्नुपर्नेछ। (१२) उपदफा (११) बमोजिम सिफारिस भएका विद्यालयलाई नगर शिक्षा समितिले तह र कक्षा थपको अनुमति प्रदान गर्ने सम्बन्धमा अन्तिम निर्णय गर्नेछ। (१३) नगर शिक्षा समितिबाट उपदफा (१२) बमोजिम विद्यालयलाई तह वा कक्षा थपको अनुमति दिने निर्णय भएमा शिक्षा, युवा तथा खेलकुद शाखाले अनुमति प्रदान गर्नेछ। (१४) नगरपालिकामा सञ्चालनको अनुमतिका लागि निवेदन दिएका ट्यूशन तथा कोचिङ सेन्टरको अनुमतिको अन्तिम निर्णय नगर शिक्षा समितिले | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | गर्नेछ। र समितिबाट अनुमति प्राप्त गरेका केन्द्रलाई शिक्षा, युवा तथा खेलकुद शाखाले अनुमति प्रदान गर्नेछ। | | |
| ३ | दफा ८ को उपदफा ९ | विद्यालय खोल्ने अनुमतिका लागि विद्यालय सञ्चालनको सुरक्षणवापत सामुदायिक विद्यालयको आधारभूत तह निशुल्क र माध्यमिक तह भए तीन लाख र संस्थागत विद्यालयको आधारभूत १-५ भए तीन लाख, १-८ भए चार लाख र माध्यमिक भए पाँच लाख धरौटी राख्नुपर्नेछ। | विद्यालय खोल्ने अनुमति दिदा विद्यालय सञ्चालनको सुरक्षणवापत सामुदायिक विद्यालयको आधारभूत तह निशुल्क र माध्यमिक तह भए दुई लाख र संस्थागत विद्यालयको आधारभूत १-५ भए दुई लाख, १-८ भए तीन लाख र माध्यमिक भए चार लाख धरौटी राख्नुपर्नेछ।उक्त रकम विद्यालय सञ्चालक र नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख वा प्रमुखले तोकेको शिक्षा अधिकृत प्रतिनिधिको सयुक्त | धरौटि रकम स्वभाविक बनाउन आवश्यक भएको। | |



| | | | | | |
|---|---|---|---|---|---|
| | | | दस्तखतमा राष्ट्रिय वाणिज्य बैंकमा धरौटी खाता सञ्चालन गरिनेछ। | | |
| ४ | दफा ८ | उपदफा (१०) विद्यालय सञ्चालन तोकेबमोजिम हुनेछ। | (१०) विद्यालय सञ्चालन तोकेबमोजिम हुनेछ।<br>उपदफा (१०) पछि थप गरिएको:<br>(११) संस्थागत विद्यालयले अनुमति लिएको कक्षा ८, १० र १२ लगायत अन्य कक्षा लगातार तीन बर्षसम्म सञ्चालन गरेको नपाइएमा उक्त विद्यालयले पाएको कक्षा र तहको अनुमति स्वतः रद्द हुनेछ।<br>(१२) संस्थागत विद्यालयहरुले प्रत्येक तीन बर्षमा र ट्यूशन तथा कोचिङ सेन्टरले बार्षिक रुपमा नगरपालिकामा आवश्यक प्रक्रिया पूरा गरी नवीकरण गर्नुपर्ने छ। | अनुमति लिएर विद्यालय सञ्चालन नगर्ने समस्या विद्यमान भएको तथा उक्त विद्यालयहरुलाई नियमन गर्नुपर्ने भएकाले | |
| ५ | ११ को उपदफा | दफा (२) संस्थागत विद्यालयहरुले एक स्थानबाट अर्को स्थानमा ठाँउसारी गर्दा | (२) संस्थागत विद्यालयले एक स्थानबाट अर्को | स्थानानान्तरण गर्ने प्रक्रियालाई सहज र सरल | |

| | | | | | |
|---|---|---|---|---|---|
| | २, ३ र ४ | आफ्नो घरजग्गा भएको प्रमाणसहित ठाँउसारीका लागि वडा कार्यालयको सिफारिससहित नगरशिक्षा शाखामा निवेदन दिनुपर्ने छ। यसरी प्राप्त भएको निवेदनउपर छानबिन गर्दा प्रक्रिया पूरा गरी. आएमा ठाँउसारी प्रक्रिया अघि बढाउन सकिनेछ र ठाँउसारी गर्दा पैतीस दिने सूचना जारी गरी दाविबिरोध नभएमा मात्र ठाँउसारी गरिनेछ। संस्थागत विद्यालयहरुले ५ वर्ष भित्र आफ्नो घर जग्गा नभए अनुमति रद्ध गर्न सकिनेछ र नयाँ संस्थागत विद्यालय खोल्न चाहेमा नजिकको विद्यालय भन्दा पाँच सय मिटर टाढाको दुरीमा खोल्नुपर्नेछ। (३) विद्यालयको नाम परिवर्तन गर्नुपरेमा नाम परिवर्तन गर्नुपर्ने उपयुक्त कारणसहित तोकिएको विवरण र ढाँचामा नगर शिक्षा समितिमार्फत नगरपालिकामा स्वीकृतिका लागि पेस गर्नुपर्ने छ। (४) उपदफा (३) बमोजिम पेस हुन आएको निवेदनउपर नगर शिक्षा समितिको सिफारिसमा नगरपालिकाले नाम परिवर्तनको स्वीकृति दिनसक्ने छ। | स्थानमा ठाँउसारी गर्दा आफ्नो घरजग्गा भएको प्रमाणसहित ठाँउसारीका लागि वडा कार्यालयको सिफारिस सहित शिक्षा, युवा तथा खेलकुद शाखामा निवेदन दिनुपर्ने छ। यसरी प्राप्त भएको निवेदनउपर अनुगमन तथा छानबिन गरी शिक्षा, युवा तथा खेलकुद शाखाको सिफारिसमा नगर शिक्षा समितिबाट निर्णय गरी ठाँउसारी प्रक्रिया अघि बढाउन सकिनेछ। नगरपालिकाभन्दा बाहिर सञ्चालन भएका अन्य स्थानीय तह र जिल्लाबाट विद्यालय स्थानान्तरण गरिने छैनन्। विद्यालय सञ्चालनका लागि नयाँ अनुमति लिन र नगरपालिकाभित्र एक ठाउँबाट अर्को ठाउँमा स्थानान्तरण हुनका लागि नजिकको विद्यालय | बनाउन आवश्यक भएको। | |



| | | | | | |
|---|---|---|---|---|---|
| | | | भन्दा पाँच सय मिटर टाढाको दूरीमा हुनुपर्नेछ। (३) विद्यालयको नाम परिवर्तन गर्नुपरेमा नाम परिव्रर्तन गर्नुपर्ने उपयुक्त कारणसहित उपदफा (५) बमोजिमको सम्बन्धित वडाको सिफारिस सहित शाखामा स्वीकृतिका लागि पेस गर्नुपर्ने छ। (४) उपदफा (३) बमोजिम पेस हुन आएको निवेदन उपर नगर शिक्षा समितिले नाम परिवर्तनको स्वीकृति दिनसक्ने छ। | | |
| ६ | दफा १२ | नगर शिक्षा समिति सम्बन्धी व्यवस्थाः (१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामका लागि देहायबमोजिमको नगरशिक्षा समिति रहनेछः (क) नगरपालिका प्रमुखः अध्यक्ष (ख) नगरपालिका उपप्रमुखः उपाध्यक्ष | (१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामका लागि देहाय बमोजिमको नगर शिक्षा समिति रहनेछः (क) नगरपालिका प्रमुखः अध्यक्ष | समितिलाई सानो, छरितो र कामयावि बनाउन आवश्यक भएको। | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | (ग) नगर कार्यपालिकाले तोकेको शिक्षा हेर्ने विषयगत समितिको संयोजकः सदस्य<br>(घ) वडा अध्यक्षहरु मध्येवाट नगर शिक्षा समितिले मनोनित गरेको दुई जनाः सदस्य<br>(ङ) नगरपालिका शिक्षक महासंघको प्रतिनिधिः सदस्य<br>(च) विद्यालय व्यवस्थापन समितिका अध्यक्षमध्येबाट नगरशिक्षा समितिले मनोनित गरेको एकजनाः सदस्य<br>छ)समाजसेवी/चन्दादातामध्ये बाट नगरशिक्षा समितिले मनोनित गरेको कम्तीमा एकजना महिला, दलित र जनजाति सहित चारजनाः सदस्य<br>(ज) शिक्षाविद् मध्येबाट शिक्षा समितिबाट मनोनित कम्तीमा एकजनाः सदस्य<br>(झ) सामुदायिक विद्यालय र संस्थागत विद्यालयका प्रधानाध्याक मध्येबाट नगरशिक्षा समितिले मनोनित गरेका दुईजनाः सदस्य<br>(ञ) नगरपालिका प्रमुख प्रशासकीय अधिकृतः सदस्य<br>(ट) नगरपालिका शिक्षा शाखा प्रमुखः सदस्य सचिव | (ख) नगरपालिका उपप्रमुखः उपाध्यक्ष<br>(ग) वडाध्यक्ष तथा कार्यपालिका सदस्य मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको दलित वा जनजाति समेतको प्रतिनिधित्व हुने गरी तीनजनाः सदस्य<br>(घ) सामाजिक विकास समितिको संयोजकः सदस्य<br>(ङ) प्रमुख प्रशासकीय अधिकृतः सदस्य<br>(च) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुमध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एक जनाः सदस्य<br>(छ) विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एकजनाः सदस्य<br>(ज) संस्थागत विद्यालयका सञ्चालकहरु मध्येबाट नगर शिक्षा | | |



| | | | | | |
|---|---|---|---|---|---|
| | | | समितिले मनोनिति गरेको एकजनाः सदस्य<br>(झ) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखः सदस्य सचिव | | |
| ७ | दफा १५ को उपदफा २ | (२) विद्यालय व्यवस्थापन समितिको गठन, काम, कर्तव्य र अधिकार<br>(छ) प्रचलित कानुनबमोजिम शिक्षक सेवा आयोगबाट सिफारिस भएका शिक्षक पदका लागि योग्य उम्मेदवारलाई हाजिर गराई काममा लगाउने तथा नगरपालिकाबाट स्वीकृत दरबन्दीमा कर्मचारीको व्यवस्थापन गर्ने | झिकिएको | आवश्यक नभएको। | |
| ८ | दफा २४ | शिक्षक तथा कर्मचारीको नियुक्तिः (१) विद्यालयमा रिक्त दरवन्दी, राहत शिक्षक र कर्मचारी पदमा अस्थायी तथा करार नियुक्तिको व्यवस्था देहायबमोजिमको छनौट समितिबाट हुनेछः<br>(क) सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्षः संयोजक<br>(ख) नगरपालिकाको विद्यालय निरीक्षक वा शिक्षा अधिकृतः सदस्य | (१) नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुमा दरबन्दी, राहत अनुदान तथा स्वयम् सेवक करार शिक्षक तथा विद्यालय कर्मचारी, आया, बाल विकास शिक्षक आदिको छनौट तथा सिफारिस गर्नका लागि | विद्यालयका शिक्षक तथा कर्मचारीको छनौट प्रक्रियालाई थप सरल, सहज, विश्वसनीय, पारदर्शी तथा एकरुपता बनाउन आवश्यक भएको। | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | (ग) सम्बन्धित विद्यालयको प्रधानाध्यापकः सदस्य सचिव शिक्षक सेवा आयोगले करार सूचीका लागि तोकेको उम्मेदवारहरुले सो रिक्त पदमा प्राथमिकताका आधारमा छनौट समितिले छनौट गर्ने र सो नभएमा नगरपालिकामा सूचीकृत भएका रोस्टरहरु मध्येवाट छनौट समितिले गोलाप्रथावाट दुईजना रोस्टर छनौट गरी लिखित, अन्तरवार्ता तथा आवश्यकतानुसार प्रयोगात्मक परीक्षा लिई छनौट गरिनेछ।<br>२) समितिले आफ्नो कार्यविधि आफैले निर्धारण गरेबमोजिम हुनेछ। | नगरपालिकाको करार कर्मचारी नियुक्ति तथा छनौटसम्बन्धी कार्यविधि बमोजिम हुनेछ।<br>(२) शिक्षक छनौट तथा सिफारिस गर्नका लागि शिक्षकको रिक्त पदमा पहिलो पटक बढीमा सात दिनको म्याद राखी विज्ञापन गरी शिक्षक सेवा आयोगले करार सूचीमा समावेश गरेका उम्मेदवारहरुबाट प्राथमिकता क्रमका आधारमा छनौट गरिनेछ र सो अवधिमा करार सूचिको उम्मेदवारबाट दरखास्त पेश हुन नआएमा पुनः सात दिने म्यादको विज्ञापन गरी शिक्षक छनौट गरिनेछ।<br>(३) उपदफा १ र २ बमोजिम छनौट भएका शिक्षक तथा कर्मचारीलाई | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | नियुक्तिका लागि सम्बन्धित विद्यालयको प्रधानाध्यापकलाई नियुक्ति दिन सिफारिस गरिनेछ।<br>(४) विद्यालयमा रिक्त रहेको शिक्षक पदमा छनौटका लागि शिक्षक सेवा आयोगबाट स्वीकृत पाठ्यक्रम र विद्यालय सहयोगी, विद्यालय सहायक, प्रारम्भिक बाल विकास शिक्षक र आयाको छनौटका लागि उक्त कार्यविधिले तोकेबमोजिम तथा कार्यविधिमा नतोकिएको हकमा नगर शिक्षा समितिबाट पाठ्यक्रम स्वीकृत गराई लागू गरिनेछ।<br>(५) शिक्षक तथा विद्यालय कर्मचारीको छनौटका लागि सञ्चालन हुने परीक्षामा खटिने जनशक्तिका लागि दिइने सेवा सुविधा | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | वीरेन्द्रनगर नगरपालिकाको कार्य व्यवस्था सञ्चालन कार्यविधि बमोजिम हुनेछ। | | |
| ९ | दफा २६ | शिक्षकको सरुवा<br>(१) सरुवा हुन आवेदन दिने दरवन्दीमा कार्यरत शिक्षकलाई नगरपालिका भित्रका कार्यरत विद्यालयको व्यवस्थापन समिति र सरुवा हुने विद्यालयको व्यवस्थापन समितिको सहमति र वडा शिक्षा समितिको सिफारिसमा नगर शिक्षा समितिले तोकिए बमोजिमको प्रक्रिया अपनाई रिक्त दरबन्दीमा सरुवा गर्नसक्नेछ।<br>(२) सरुवा हुन आवेदन दिने दरवन्दीमा कार्यरत शिक्षकलाई नगरपालिका भित्र निज कार्यरत विद्यालय व्यवस्थापन समितिको सहमतिमा नगरपालिकाले अन्य गाउँ शिक्षा समिति वा नगरशिक्षा समितिमा सरुवाको लागि सहमति दिनसक्नेछ।<br>(३) नगर शिक्षा समितिले दरवन्दी मिलानको क्रममा समान तहको स्थायी, अस्थायी तथा राहत शिक्षकबीच सरुवा गर्नसक्नेछ तर सामान्यतया शिक्षकको सरुवा पदस्थापन | शिक्षकको सरुवा<br>(१) नगरपालिकामा सञ्चालित सामुदायिक विद्यालयमा कुनै तह र विषयको शुद्ध दरबन्दी रिक्त भएमा सरुवा हुन चाहने समान तहको शिक्षकले नगर शिक्षा समितिमा आवेदन दिनुपर्ने छ।<br>(२) उपदफा (१) बमोजिम आवेदन दिएका शिक्षकमध्येबाट तह, विषय, शिक्षक विद्यार्थी अनुपात, आवश्यकता एवम् औचित्यताका आधारमा<br>उक्त रिक्त दरबन्दी एकिन गरी नगर शिक्षा समितिले सरुवा वा पारस्परिक सरुवा तथा व्यवस्थापन गर्न सक्नेछ। | शिक्षक सरुवालाई आवश्यकता र औचित्यतामा आधारित बनाउन आवश्यक भएकाले | |



| | | | | | |
|---|---|---|---|---|---|
| | | भएको तीन बर्षसम्म गरिने छैन।<br>(४) शिक्षकको सरुवा शैक्षिक सत्रको सुरु वा अन्त्यमा मात्र गरिनेछ।<br>(५) शिक्षक सरुवा गर्दा रिक्त दरवन्दीमा विद्यालय व्यवस्थापन समितिले नगर भित्रका शिक्षकहरुलाई पहिलो प्राथमिकता दिने, दोस्रोमा यस जिल्ला भित्रका अन्य स्थानीय तहका शिक्षकहरुलाई र सो नभएमा अन्य जिल्लावाट सरुवा भई आउनका लागि सहमति दिनुपर्नेछ। | (३) नगर शिक्षा समितिले आवश्यकता अनुसार समान तहको संघीय अनुदानमा नियुक्त शिक्षक, स्वयम् सेवक शिक्षक, बाल विकास शिक्षक तथा विद्यालय कर्मचारीलाई समेत सरुवा तथा व्यवस्थापन गर्न सक्नेछ।<br>(४) नगरपालिकामा कार्यरत शिक्षकले अन्य स्थानीय तहमा समान रिक्त पदमा सरुवाको लागि निवेदन दिएमा नगर शिक्षा समितिले सहमति दिनसक्नेछ।<br>(५) उपदफा २ र ३ बमोजिम सरुवा तथा व्यवस्थापन गरिएका शिक्षक तथा कर्मचारीलाई हाजिरी गराई काममा लगाउने जिम्मेवारी सम्बन्धित विद्यालयको प्रधानाध्यापकको हुनेछ। | | |
| १० | दफा २७ | दरबन्दी मिलानः (१) तोकिएको मापदण्डको | विद्यालय समायोजन तथा दरबन्दी | दरबन्दी मिलान तथा | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | आधारमा बढी दरवन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा दरवन्दी मिलान गर्नुपर्ने छ।<br>(२) एकै विद्यालयमा तीन बर्ष सेवा अवधि पुगेका शिक्षक कर्मचारीहरुलाई नगरशिक्षा समितिले सम्बन्धित विद्यालयको सहमति बेगर पनि नगर क्षेत्र भित्रको अन्य विद्यालयमा सरुवा गर्न सक्नेछ। | मिलानः (१) तोकिएको मापदण्डको आधारमा विद्यालय समायोजन तथा पूनर्वितरण एवम् शिक्षक विद्यार्थी अनुपात एवम् विषयगत शिक्षकको उपलब्धतालाई मुख्य आधार मानी विद्यालयमा दरवन्दी मिलान तथा व्यवस्थापन गरिनेछ।<br>(२) एकै विद्यालयमा कम्तिमा तीन बर्ष सेवा अवधि पुगेका शिक्षक तथा विद्यालय कर्मचारीलाई नगर शिक्षा समितिले दफा २६ बमोजिम नगर क्षेत्र भित्रको अन्य विद्यालयमा सरुवा तथा व्यवस्थापन गर्न सक्नेछ।<br>(३) नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले शिक्षा प्रशासन सम्बन्धी कार्य गर्नका लागि आवश्यक्ता अनुसार विद्यालयमा | व्यवस्थापनलाई सहज र वस्तुपरक बनाउन आवश्यक भएकोले | |



| | | | | | |
|---|---|---|---|---|---|
| | | | कार्यरत् शिक्षक तथा कर्मचारी एवम् सामुदायिक सिकाइ केन्द्रका समुदाय परिचालकलाई कामकाज लगाउन सक्नेछ। | | |
| ११ | दफा ३४ को (४) | आधारभूत तहसम्मको शिक्षाका लागि स्थानीय आवश्यकतामा आधारित बढीमा १०० पूर्णाङ्क वा ४ क्रेडिट आंवर बराबरको स्थानीय थप विषयको स्थानीय पाठ्यक्रम प्रयोगमा ल्याउन सक्नेछ। | उपदफा ४ (क) नगरपालिका अन्तर्गत सञ्चालित विद्यालयहरुमा आधारभूत तहसम्मको शिक्षाका लागि कक्षा १ देखि ३ सम्म ५ पाठ्यघण्टा तथा कक्षा ४ देखि ८ सम्म ४ पाठ्यघण्टा बराबरको स्वीकृत स्थानीय विषयको पाठ्यक्रमको विकास तथा कार्यान्वियन गर्नुपर्ने छ।<br>उपदफा ४ (ख) उपदफा ४ (क) बमोजिमको स्थानीय पाठ्यक्रम नगरकार्यपालिका र उक्त पाठ्यक्रमका आधारमा बनाइएका पाठ्यसामग्रीहरु नगर शिक्षा समितिबाट स्वीकृत हुनेछन्। | आधारभूत तहमा स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक भएको। | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ४-(ग) नगरपालिकाका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरुले स्वीकृत स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री अनिवार्य रुपमा लागू गर्नुपर्ने छ।<br>४ (घ) स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास, कार्यान्वयन एवम् मूल्यांकन गर्नका लागि नगर शिक्षा समितिले शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजकत्वमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक, शिक्षक, संस्थागत विद्यालयका पदाधिकारी, निवृत्त शिक्षक तथा शिक्षा सेवाका कर्मचारी सम्मिलित बढीमा सात सदस्यीय पाठ्यक्रम तथा | | |



| | | | | | |
|---|---|---|---|---|---|
| | | | पाठ्यसामग्री विकास तथा कार्यान्वयन समिति गठन गर्नेछ।<br>४ (ङ) उपदफा ४ (घ) बमोजिम गठित समितिले स्थानीय पाठ्यक्रमको विकास, कार्यान्वयन तथा मूल्याङ्कनसम्बन्धी कार्य गर्नेछ। | | |
| १२ | दफा ३७ | संस्थागत विद्यालयको व्यवस्थापन समिति<br>(१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः<br>(क) विद्यालयको संस्थापकमध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमा वडा शिक्षा समिति मार्फत नगरशिक्षा समितिबाट मनोनितः अध्यक्ष<br>(ख) अभिभावकमध्येबाट कम्तीमा एकजना महिला पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुईजनाः सदस्य<br>(ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवीमध्येबाट नगरशिक्षा | संस्थागत विद्यालयको व्यवस्थापन समिति<br>(१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः<br>(क) विद्यालयको संस्थापकमध्येबाट सम्बन्धित विद्यालयको सिफारिशमा नगरप्रमुखले तोकेको व्यक्तिः अध्यक्ष<br>(ख) अभिभावकमध्येबाट | संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको गठन कार्यलाई सहज बनाउन आवश्यक भएको। | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | समितिले मनोनित गरेको एकजनाः सदस्य<br>(घ) सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षकः सदस्य<br>(ङ) सम्बन्धित विद्यालयका शिक्षकहरूले आफूमध्येबाट छानी पठाएको एकजनाः सदस्य<br>(च) विद्यालयका प्रधानाध्यापकः सदस्य सचिव | कम्तीमा एकजना महिला पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुईजनाः सदस्य<br>(ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवीमध्येबाट विद्यालयको सिफारिशमा सम्बन्धित वडाको वडाध्यक्षले तोकेको एकजनाः सदस्य<br>(घ) शिक्षा, युवा तथा खेलकुद शाखाले तोकेको शिक्षा अधिकृतः सदस्य<br>(ङ) सम्बन्धित विद्यालयका शिक्षकहरूले आफूमध्येबाट छानी पठाएको एकजनाः सदस्य<br>(च) विद्यालयका प्रधानाध्यापकः सदस्य सचिव | | |
| १३ | ४२ | ४२. आधारभूत तह शिक्षा उतीर्ण परीक्षा सञ्चालन तथा व्यवस्थापन | ४२. नाम परिमार्जन गरिएकोः आधारभूत शिक्षा परीक्षा (Basic Education | परीक्षा र समितिको नाम लामो भएकोले छोट्याउनुपर्ने | |



| | | | | | |
|---|---|---|---|---|---|
| | | | Examination: BEE) सञ्चालन तथा व्यवस्थापन | आवश्यकता भएको। | |
| १४ | दफा ४२ | | उपदफा (६) पछि थप गरिएकोः<br>(७) आधारभूत शिक्षा परीक्षाको प्रमाणीकरण गर्ने जिम्मेवारी समितिको सदस्य सचिव वा शिक्षा प्रमुखको हुनेछ।<br>(८) आधारभूत शिक्षा परीक्षाको लब्धांक पत्रमा नाम थर र जन्म मिति विग्रेको ६ महिना नाघिसकेको खण्डमा निज विद्यार्थीको माथिल्लो शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र र जन्म दर्ताको प्रमाणपत्रव आधारमा अभिलेख भिडाई सम्बन्धित विद्यालय र वडाको सिफारिसमा शिक्षा युवा तथा खेलकुद शाखा प्रमुखले उपयुक्त ठानेमा सच्याउन सक्नेछ ।यदि कुनै | लब्धाङ्क पत्रमा सामान्य त्रुटि एवम् विद्यार्थीको जन्ममिति र नामथर सच्याउने समस्याको समाधान गर्न आवश्यक भएको। | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | विद्यार्थीको माथिल्लो शैक्षिक योग्यता हासिल नगरेको भए जन्म दर्ता र नेपाली नागरिकताको प्रमाणपत्रसंग भिडाई सम्बन्धित विद्यालय र वडाको सिफारिसमा उपयुक्त ठानेमा सच्याउन सकिनेछ । (९) कुनै व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्र नलिएको भएमा निजको जन्मदर्ता प्रमाणपत्र र सम्बन्धित विद्यालय र वडाको सिफारिसमा उपयुक्त ठानेमा सच्याउन सकिनेछ । (१०) आधारभूत शिक्षा परीक्षाको सञ्चालन तथा व्यवस्था परीक्षा समितिको निर्णय बमोजिम हुनेछ । | | |
| १५ | ५१ | श्रोत व्यक्ति सम्बन्धी व्यवस्थाः नगर क्षेत्रभित्र कार्यरत स्रोत व्यक्तिहरु नगरशिक्षा समिति अन्तरगत रहनेछन् र निजहरुको | नगरपालिका अन्तर्गत सञ्चालनमा रहेका शैक्षिक संस्थाहरुको अनुगमन, | विद्यालयको अनुगमन सुपरिवेक्षण तथा शिक्षकको पेसागत सहयोग | |



| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | काम कर्तव्य र अधिकार तोकियबमोजिम हुनेछ । | सुपरिवेक्षण तथा विद्यालयहरुमा कार्यरत् शिक्षकहरुको पेसागत सहयोग गर्नका लागि नगरपालिकाले विश्वविद्यालय लगायत प्राज्ञिक व्यक्ति वा निकायसंगको सहकार्य एवम् साझेदारीमा आवश्यक कार्यविधि निर्माण गरी श्रोतविज्ञ वा पेडागोजिकल सुपरभाइजर वा रोष्टर विज्ञहरुको व्यवस्थापन तथा परिचालन गर्न सक्नेछ। | गर्न सहजीकरण गर्न आवश्यक भएको । | |
| १६ | दफा ५२ | विद्यालयको विनियमः (१) यो ऐन र प्रचलित कानूनको अधीनमा रही प्रत्येक सामुदायिक तथा संस्थागत विद्यालयले विद्यालयको लक्ष्य, मूल्य मान्यता, सञ्चालन प्रक्रियालगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेश गरिएको विनियम अभिभावक सभाबाट पारित गराई लागू गर्नुपर्नेछ । | उपदफा (५) पछि थप गरिएको (६) सबै सामुदायिक विद्यालयहरुले विद्यार्थीको अनुपातमा शिक्षक दरबन्दी एवम् विषयगत शिक्षक अभाव भएका विद्यालयमा विद्यालयको आन्तरिक आम्दानी | विद्यालयको शैक्षिक गुणस्तर अभिबृद्धिका लागि शिक्षक व्यवस्थापन गर्न आवश्यक भएको । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | (२) अभिभावक सभाले विनियम आवश्यकताअनुसार संसोधन गर्नसक्नेछ।<br>(३) विनियम अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापकलगायत अन्य सबैको कर्तव्य हुनेछ।<br>(४) अद्यावधिक विधानको प्रतिलिपि पारित भएको मितिबाट सात दिन भित्र व्यवस्थापन समितिले वडा शिक्षा समिति मार्फत नगरपालिकामा पेस गर्नुपर्नेछ।<br>(५) विद्यालयको विधान सार्वजनिक दस्तावेज हुनेछ र सो जो कोहीले पनि हेर्न पाउनुपर्नेछ। | वा नगरपालिका एवम् कर्णाली प्रदेशबाट शिक्षक व्यवस्थापनमा सहयोग भएको अनुदान रकमको यथार्थ विश्लेषण गरी अनिवार्य रुपमा सार्वजनिक गर्ने र सो को जानकारी नगर शिक्षा समितिलाई गराउनु पर्नेछ।<br>(७) सामुदायिक विद्यालयहरुले आफ्नो सेवा क्षेत्रका बालबालिकाहरुलाई माध्यमिक तहसम्म निःशुल्क पठनपाठन गर्ने गराउने विषयलाई प्राथमिकता दिनुपर्ने छ। | | |

आज्ञाले,

**लक्ष्मी प्रसाद बास्कोटा**

प्रमुख प्रशासकीय अधिकृत

शिक्षा ऐन, २०७४ (तेश्रो संशोधन २०८२), मुल्य रू. १०।-